# सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएकाहरुको उपचार सम्बन्धी कार्यविधि, २०८१

प्रस्तावना: सशस्त्र द्वन्द्वको क्रममा घाइते तथा अपाङ्ग भएका व्यक्तिहरु उपचारमा सहयोग गर्न आ.व २०८१/८२ को नीति तथा कार्यक्रमको बुँदा नं १२० एवम् लुम्बिनी प्रदेशको स्वीकृत कार्यक्रम बजेट क्रियाकलाप कोड २.७.२२.६ मा उल्लेख भएको सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएकाहरुको उपचार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न वाञ्छनिय भएकोले,

प्रदेश विनियोजन ऐन, २०८१ को दफा १० को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएकाहरुको उपचार सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क) "अस्पताल" भन्नाले द्वन्द्व प्रभावित घाइते तथा अपाङ्ग व्यक्तिले उपचार गर्न मन्त्रालयले सम्झौता गरेको अस्पताल सम्झनु पर्छ ।

ख) "औषधी उपचार सेवा" भन्नाले सम्झौता बमोजिम अस्पतालबाट सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएका व्यक्तिहरुलाई उपलब्ध गराउने औषधी उपचार सेवा सम्झनु पर्छ ।

ग) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ ।

ङ) "सशस्त्र द्वन्द्व" भन्नाले मिति २०५२ फागुन १ देखि २०६३ मंसिर ५ सम्म तत्कालिन माओवादी र सरकारबीचको द्वन्द्वलाई सम्झनु पर्छ ।

रेखा कँडेल
प्रदेश सचिव

मा. आदेश कुमार अग्रवाल
मन्त्री

## परिच्छेद-२

## आवेदन तथा छनौट कार्यविधि

३. **औषधी उपचार सेवाका लागि सूचना प्रकाशन गरिने** (१) मन्त्रालयले औषधी उपचार सेवा लिन इच्छुक सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग/अशक्त व्यक्तिहरुलाई लक्षित गरि आफ्नो वेबसाइड र राष्ट्रिय दैनिक मार्फत कम्तिमा ३० दिनको सूचना प्रकाशन गर्नेछ ।

(१) उपदफा (१) बमोजिम सुचना प्रकाशन भएपश्चात सो सम्बन्धी जानकारी लुम्बिनी प्रदेश भित्रका सबै जिल्ला प्रशासन कार्यालय र स्थानीय तहमा पठाउने व्यवस्था मिलाउनु पर्नेछ।

४. **आवेदन दिनुपर्ने** (१) दफा ३ बमोजिमको सूचना प्रकाशन भएपश्चात सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग/अशक्त व्यक्तिहरुले अनुसुची-१ को ढाँचामा सूचनामा तोकिएको अवधिभित्र मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ । यसरी दिने निवेदन विधुतिय माध्यम मार्फत समेत दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनका पेश गर्दा देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछः

(क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी,

(ख) हालसालै खिचिएको पासपोर्ट साइजको फोटो,

(ग) जिल्ला प्रशासन कार्यालयले दिएको सशस्त्र द्वन्द्वको क्रममा अपाङ्ग, घाइते वा अशक्त भएको भन्ने व्यहोराको सिफारिस पत्र,

(घ) स्वास्थ्य समस्या पहिचान सम्बन्धी अस्पताल वा चिकित्सकको सिफारिस (प्रेस्किप्सन) भएमा सोको प्रतिलिपी,

(ङ) स्वास्थ्य समस्यासँग सम्बन्धित वा पहिचान खुल्ने अन्य कागजात भए त्यस्तो कागजात।

५. **छनोट सम्बन्धी व्यवस्थाः** (१) मन्त्रालयमा दफा ४ बमोजिम प्राप्त निवेदनसाथ संलग्न कागजातहरु उपर अध्ययन तथा रुजु गरी योग्य आवेदकहरुलाई औषधी उपचारका लागि अस्पताल समक्ष सिफारिस गर्ने जिम्मेवारी शान्ति सुरक्षा शाखाका शाखा प्रमुखको हुनेछ।

मा. आदेश कुमार अग्रवाल
मन्त्री

रेखा कँडेल

(३) यस दफा बमोजिम औषधी उपचारको लागि सिफारिस भएका व्यक्तिहरुको विवरण सहितको अभिलेख मन्त्रालयले राखेछ।

६. <u>अस्पतालको छनौट तथा सम्झौता सम्बन्धी व्यवस्थाः</u> मन्त्रालयले यस कार्यविधि बमोजिम उपचारको लागी छनौट भएका सशस्त्र द्वन्द्वको क्रममा घाइते तथा अपाङ्ग भएका व्यक्तिहरुको औषधी उपचार गराउन लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल, भेरी अस्पताल, बाँके र राप्ति प्रादेशीक अस्पताल दाङसँग सोझै वार्ता गरी अनुसुची-२ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ।

७. <u>रकम भूक्तानी र अस्पतालको दायित्त्व</u> (१) मन्त्रालयले यस कार्यविधिका बमोजिम सम्झौता भएका लुम्बिनी प्रादेशिक अस्पताल, बुटवललाई रु. ४२ लाख, भेरी अस्पताल, बाँकेलाई रु. ५ लाख र राप्ति प्रादेशिक अस्पताल दाङलाई रु. ३ लाख रुपैयाँका दरले अख्तियारी प्रदान गर्नेछ।

(२) अस्पतालले यस कार्यविधि बमोजिम सिफारिस भै आएका सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएका व्यक्तिहरुलाई उपदफा (१) बमोजिमको अख्तियारी रकमबाट औषधी उपचार सेवा उपलब्ध गराउनु पर्नेछ।

(३) औषधी उपचार सम्बन्धी अन्य व्यवस्था अस्पाताल र मन्त्रालयबीच भएको सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

## परिच्छेद-३

## <u>औषधी उपचार सेवा</u>

८. <u>औषधी उपचार सेवाको प्रकृतिः</u> अस्पतालले मन्त्रालयले गरेको सिफारिसको आधारमा सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएका व्यक्तिहरुलाई आवश्यक पर्ने औषधी उपचार सेवा प्रदान गर्नेछ।

९. <u>औषधी उपचार सेवा सम्बन्धमाः</u> (१) अस्पतालले मन्त्रालयबाट सिफारिस भई आएका सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएका व्यक्तिहरुलाई देहाय बमोजिम औषधी उपचार सेवा प्रदान गर्नुपर्नेछ :-

(क) औषधी उपचारको क्रममा गर्नुपर्ने परिक्षण (एक्स-रे, भिडियो एक्स-रे, सिटी स्क्यान, ल्याव टेष्ट कृत्रिम अङ्ग जडान आदि) र अन्य औषधी उपचार सेवा,

मा. आदेश कुमार अग्रवाल
मन्त्री

रेखा कँडेल
प्रदेश सचिव

(ख) औषधी उपचार सेवा लिनका लागि अस्पतालसम्म आउँदा-जादाँ लाग्ने यातयात खर्च र रा.प.तृतीय श्रेणी अधिकृतले कानून बमोजिम पाउने दैनिक भ्रमण भत्ता बराबरको अनुसूची-३ बमोजिमको भत्ता रकम,

<u>स्पष्टिकरण</u>: "यातयात खर्च" भन्नाले घरबाट अस्पतालसम्म आउँदा-जादाँ लाग्ने प्रचलित बसभाडा दर सम्झनुपर्छ ।

(ग) औषधी उपचारको क्रममा गरिने परिक्षण, औषधी र औषधी उपचार सेवा,

(घ) औषधि उपचार गर्ने क्रममा चिकित्सकले प्रिस्कृप्सनमा बिरामीलाई Follow Up गर्नुपर्ने भनि लेखिएमा सो बापत बमोजिमको दैनिक भ्रमण भत्ता,

(ङ) खण्ड (घ) बमोजिम फलोअप जाँच गर्न जाँदा मन्त्रालयको सिफारिस लिई जानु पर्नेछ,

(२) अस्पतालले यस दफा बमोजिम औषधी उपचार प्रदान गर्दा लाग्ने खर्चको सीमा ३० हजार (तीस हजार) नबढ्ने गरी हुनु पर्नेछ।

## परिच्छेद ४

## <u>विविध</u>

१०. <u>प्रशासनिक खर्च व्यवस्थापनः</u> (१) अस्पतालले यस कार्यविधी बमोजिम प्राप्त भएको अख्तियारी रकम मध्येबाट बढीमा १० प्रतिशत रकममा नबढ्ने गरी प्रशासनिक खर्च गर्न सक्नेछ।

(२)उपदफा (१) बमोजिम खर्च गर्दा प्रदेशको आर्थिक कार्यविधि ऐन, २०७४, सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को पूर्ण पालना हुने गरी खर्च गर्नु पर्नेछ।

११ <u>लेखाङ्कन सम्बन्धी व्यवस्था:</u> (१)अस्पतालले औषधी उपचारको क्रममा गर्नुपर्ने परिक्षण खर्च, औषधी उपचार खर्च लगायतका अख्तियार प्राप्त रकमबाट भएको अन्य खर्चको विवरण राखि फरफारक गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आख्तियार प्राप्त रकमबाट भएको खर्च भएको विवरण फरफारक गरे पश्चात बाँकी भएको रकम अस्पतालले मन्त्रालयलाई फिर्ता गर्नु पर्नेछ।

१२. <u>अनुगमन सम्बन्धी व्यवस्था:</u> औषधी उपचारको प्रभावकारीता, गुणस्तर तथा सम्झौता बमोजिम औषधी उपचार भए नभएको सम्बन्धमा मन्त्रालयले अनुगमन गर्नेछ ।

रेखा कँडेल

मा. आदेश

ग्वाल

१३. मन्त्रालयले निर्णय गर्न सक्ने: यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्दा बाधा/समस्या उत्पन्न भएमा मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

१४. खारेजी र बचाउ: "सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएकाहरुको उपचार सम्बन्धी कार्यविधि, २०८०" खारेज गरिएको छ।

अनुसूची - १
(दफा ४सँग सम्बन्धित)

फोटो

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
राप्ती उपत्यका देउखुरी, नेपाल।

विषय: औषधी उपचार सेवा उपलब्ध गराई पाउँ ।

प्रस्तुत विषयमा म सशस्त्र द्वन्द्वको क्रममा घाइते/अपाङ्ग/अशक्त भएकोले औषधी उपचार सेवाका लागि निम्न बमोजिम विवरण राखी संलग्न कागजात सहित निवेदन पेश गरेको छु । मैले पेश गरेको कागजातहरु ठिक साँचो छ, झुट्टा ठहरेमा कानून बमोजिम सहुँला/बुझाउँला ।

१. नाम/थर..........................................................उमेर........................लिङ्ग..........
२. ठेगाना
जिल्ला...................गाउँपालिका/नगरपालिका..........................वडा.......टोल..........
३. सम्पर्क नं.:-
४. शरीरको अङ्ग, संरचना, प्रणालीमा आएको क्षति बिवरण:-
५. क्षति भएपछि दैनिक नियमित कृयाकलापमा आएको अवरोध पीडा:-
६. क्षति पुगेको घटना (स्मरण भएसम्म)
७ (क) स्थान (ख) घटना भएको मिति:
(ग) द्वन्द्व प्रभावित भै परेको असर:
८. हालसम्मको औषधी उपचारको अवस्था, प्रयास:-
९. यस अघि सहयोग प्राप्त गरेको भए, (क) प्रदान गर्ने संस्था:
(ख) सहयोग प्रकृति:
१०. वर्तमान शारीरिक अवस्था:
११. सहायक सामाग्री प्रयोग गर्नुपर्ने आवश्यकता भएको वा नभएको:
१२. सहायक सामाग्री प्रयोग गर्ने गरेको भए सामाग्रीको नाम:

रेखा कँडेल
प्रदेश सचिव



मा. आदेश कुमार अग्रवाल
मन्त्री

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

१३. कुन विषय वा प्रकृतिको औषधी उपचार सेवा जरुरी छ (सम्बन्धित अस्पतालको सिफारिस पत्र वा रिपोर्ट):

१४. सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सशस्त्र द्वन्द्व वा त्यसको प्रभावका कारणले घाइते, अपाङ्ग/अशक्त भएको सिफारिस पत्र

निवेदक

नाम/थरः-

दस्तखतः-

मितिः

## अनुसूची - २
### (दफा ६ सँग सम्बन्धित)
### सम्झौता पत्रको ढाँचा

लुम्बिनी प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय र ..........अस्पताल बिच **सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएकाहरुको उपचार सम्बन्धी कार्यविधि,** २०८१ अन्तर्गत सशस्त्र द्वन्द्वका घाइते, अपाङ्ग र अशक्तहरुको औषधी उपचार कार्यक्रम सन्चालनका लागि भएको सम्झौता पत्र ।

हामी यस सम्झौताका दुइ पक्ष प्रदेश सरकर आन्तरिक मामिला तथा कानून मन्त्रालय राप्ती उपत्यका (देउखुरी), नेपाल (यसपछि यस लिखतमा प्रथम पक्ष भनिएको) र तोकिएको अस्पतालका तर्फबाट मेडिकल सुपरिटेन्डेट (अस्पताल प्रमुख) (यसपछि यस लिखतमा दोस्रो पक्ष भनिएको) बीचमा सशस्व द्धन्द्धका घाइते, अपाङ्ग र अशक्तहरुको औषधि उपचार कार्यक्रम सन्चालनका लागि तल लेखिएका शर्तका आधारमा यो संझौता गर्न दुबै पक्ष मन्जुर भई सहि छाप गरी एक/एक प्रति बुझि लियौं/दियौं ।

(क) सशस्त्र द्धन्द्धका घाइते, अपाङ्ग अशक्तहरूको औषधी उपचार कार्यक्रम सन्चालनका लागि पहिलो पक्षबाट सिफारिस भएका बिरामीहरूको स्वास्थ्य जाँच, परीक्षण, औषधी उपचार कार्यक्रम सन्चालन गर्न चालु आ.व. को लागि दुबै पक्षको सहमति अनुसार आवश्यक पर्ने रकम रू........... पहिलो पक्षले दोस्रो पक्षलाई अख्तियारीको रूपमा उपलब्ध गराउनु पर्नेछ ।

(ख) दोस्रो पक्षले पहिलो पक्षबाट सिफारिस भएका बिरामीहरूको स्वास्थ्य जाँच, परिक्षण, औषधी उपचार कार्यक्रम सञ्चालन गर्नका लागि अख्तियारी प्राप्त रकम मध्येबाट खर्च गरी सोको मासिक खर्च विवरण पहिलो पक्षलाई दिनु पर्नेछ।

(ग) दोस्रो पक्षले शारीरिक परीक्षण वा औषधी उपचार गराएका बिरामीहरूको बिबरण सहितको फाईल सुरक्षित राखी सोको अभिलेख पहिलो पक्षलाई दिनु पर्नेछ ।

(घ) दोस्रो पक्षले अख्तियारी प्राप्त भएको रकमबाट खर्च भएको रकम बाहेकको बाँकी हुन आउने रकम चालु आर्थिक वर्षको असार मसान्त सम्म मन्त्रालयलाई फिर्ता गर्नु पर्नेछ।

(घ) दोस्रो पक्षले औषधी उपचारलाई सहज बनाउनका लागि प्रथम पक्षबाट उपलब्ध गराइएको प्रशासनिक खर्चबाट छुटै स्वास्थ्यकर्मी वा अस्पतालमा कार्यरत एक जना स्वास्थ्यकर्मी तोकी निजलाई प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्नेछ र सोको जानकारी प्रथम पक्षलाई दिनु पर्नेछ ।

आ. आदेश कुमार अग्रवाल
मन्त्री

(ङ) अस्पतालमा उपचार गराउन आउने लाभग्राहीहरुलाई दैनिक भ्रमण खर्च **"सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएकाहरुको उपचार सम्बन्धी कार्यविधि, २०८१"** बमोजिम उपलब्ध गराउनु पर्नेछ ।

(च) यस कार्यविधि बमोजिम भएको खर्चको आन्तरिक र अन्तिम लेखा परीक्षण गर्ने जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

(छ) सम्झौता अनुसारको कार्यक्रम सन्चालन गर्दा कुनै दुविधा वा समस्या पर्न आएमा मन्त्रालयको निर्णय नै अन्तिम निर्णय हुनेछ।

(ज) यस कार्यविधिमा भएको व्यवस्था भएका व्यवस्थाका अतिरिक्ति अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

**प्रथम पक्षको तर्फबाट**

नामः

पदः

निकायः

हस्ताक्षरः

मितिः

साक्षीहरुः

**दोस्रो पक्षको तर्फबाट**

नामः

पदः

निकायः

हस्ताक्षर

मितिः

साक्षीहरुः

रेखा कँडेल
प्रदेश सचिव

मा. आदेश कुमार अग्रवाल
मन्त्री

लुम्बिनी प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय राप्ती उपत्यका(देउखुरी), नेपाल

अनुसूची - ३

(दफा ९ को उपदफा (१) खण्ड (ख) सँग सम्बन्धित)

दौनिक भ्रमण भत्ता

(क) लुम्बिनी प्रादेशिक अस्पतालमा उपचारको लागि

१) औषधी उपचारको लागी छनौट भएको अस्पताल रहेको जिल्लाका २० किलोमिटर भित्रको यातायात खर्च को लागी दैनिक रू. ५००/- मात्र पाउने गा.पा./न.पा.

(क) नवलपरासीको सुनवल नगरपालिका

(ख) रूपन्देहीको बुटवल उ.म.न.पा., सैनामैना न.पा, तिलोत्तमा न.पा., देवदह न.पा.

२) २ दिन सम्मको दैनिक भ्रमण भत्ता पाउने जिल्लाहरू

(क) रूपन्देही र नवलपरासी जिल्लाको यातायात खर्च मात्र पाउने गा.पा./न.पा. बाहेकका अन्य गा.पा. र न.पा. हरू

(ख) कपिलबस्तु,

३) ३ दिन सम्मको दैनिक भ्रमण भत्ता पाउने जिल्लाहरू

(क) बाँके, बर्दिया, दाङ, पाल्पा, अर्घाखाँची, गुल्मी, प्यूठान

४) ४ दिन सम्मको दैनिक भ्रमण भत्ता पाउने जिल्लाहरू

(क) रोल्पा

५) ५ दिन सम्मको दैनिक भ्रमण भत्ता पाउने जिल्लाहरू

(क) रूकुम पूर्व

(ख) राप्ती प्रादेशिक अस्पतालमा उपचारको लागि

१) औषधी उपचारको लागी छनौट भएको अस्पताल रहेको जिल्लाका २० किलोमिटर भित्रको यातायात खर्च को लागी दैनिक रू. ५००/- मात्र पाउने

क) दाङको घोराही उप-महानगरपालिका

२) २ दिन सम्मको दैनिक भ्रमण भत्ता पाउने जिल्लाहरू

(क) दाङको घोराही उप-महानगरपालिकाबाहेक अन्य स्थानीय तहहरु

३) ३ दिन सम्मको दैनिक भ्रमण भत्ता पाउने जिल्लाहरू

(क) रोल्पा, प्यूठान, रुपन्देही, कपिलबस्तु, बाँके, अर्घाखाँची,

४) ४ दिन सम्मको दैनिक भ्रमण भत्ता पाउने जिल्लाहरू

(क) गुल्मी, पाल्पा, नवलपरासी(न.सु.प.), बर्दिया

५) ५ दिन सम्मको दैनिक भ्रमण भत्ता पाउने जिल्लाहरू

(ख) रुकुम पूर्व

रेखा कँडेल
प्रदेश सचिव

(डा.) आदेश कुमार अग्रवाल
मन्त्री

(ग) भेरी अस्पतालमा उपचारको लागि

१) औषधी उपचारको लागी छनौट भएको अस्पताल रहेको जिल्लाको २० किलोमिटर भित्रको यातायात खर्च को लागी दैनिक रु. ५००/- मात्र पाउने

(क) बाँके जिल्लाको नेपालगंज उप-महानगरपालिका, जानकी गा.पा. खजुरा गा.पा., डुडुवा गा.पा., कोहलपुर न.पा.

२) २ दिन सम्मको दैनिक भ्रमण भत्ता पाउने जिल्लाहरू

(क) बाँके जिल्लाको यातायात खर्च मात्र पाउने गा.पा./न.पा. बाहेकका अन्य गा.पा. र न.पा. हरू

(ख) बार्दिया जिल्ला

३) ३ दिन सम्मको दैनिक भ्रमण भत्ता पाउने जिल्लाहरू

(क) दाङ्ग, कपिलवस्तु

४) ४ दिन सम्मको दैनिक भ्रमण भत्ता पाउने जिल्लाहरू

(क) रोल्पा, प्यूठान, रुपन्देही, अर्घाखाँची र गुल्मी

५) ५ दिन सम्मको दैनिक भ्रमण भत्ता पाउने जिल्लाहरू

(क) पाल्पा, नवलपरासी र रुकुम पूर्व

रेखा कँडेल
प्रदेश सचिव

मा. आदेश कुमार अग्रवाल